**वैदेशिक अध्ययनका लागि Eligibility Certificate लिन चाहने विद्यार्थीहरूले देहायको सर्त बन्देज अध्ययन गरेर मात्र निवेदन दर्ता गर्नुहोला:**

१. जुन तहमा अध्ययन गर्न जाने हो कम्तिमा सो भन्दा एक तह तलको शैक्षिक योग्यता हासिल गरेको (उदाहरणका लागि MBBS अध्ययन गर्न जान +२ वा सो सरहमा बायोलोजी फिजिक्स केमेष्ट्री सहितको विषय लिई कम्तिमा ५० प्रतिशत वा २.४ जिपिए ल्याईउत्तीर्ण) हुनु पर्नेछ।

२. चिकित्सा शिक्षा आयोगले लिएको एकीकृत प्रवेश परीक्षामा उत्तीर्ण भएको स्कोर कार्ड प्राप्त गरेको हुनु पर्नेछ ।

<u>अथवा</u>

आयोगले मान्यता दिएकादेहायका देशका देहायका संस्थाले लिएको राष्ट्रियस्तरको प्रवेश परीक्षामा उत्तीर्ण गरेको भए सो परीक्षामा कम्तिमा ५० प्रतिशत अङ्क ल्याइ उत्तीर्ण गरेको स्कोर कार्ड हुनु पर्ने छ ।

- भारतमा स्नातक तहमाMBBS अध्ययनका लागि NEET
- भारतमा स्नातकोत्तर तहमा MD/MS/MDSअध्ययनका लागि AIIMS
- पाकिस्तानमा फिलोसिपअध्ययनका लागि FCPS
- बेलायत अध्ययनका लागि FRCP, FRCS, PLAB, MRCP

<u>अथवा</u>

अर्को व्यवस्था नभएसम्मका लागि आयोगले एकीकृत प्रवेश परीक्षा सञ्चालन नगरेका देहायका तहका देहायका विषय अध्ययनका लागि सम्वन्धित काउन्सिलले सूचीकृतका लागि योग्य भनी गरेको सिफारिस पत्र र आयोगले सञ्चालन गरेको कुनै मिल्दो जुल्दो विषयकोप्रवेश परीक्षाउत्तीर्ण गरेको स्कोरकार्ड समेत:

- Bachelor in Cardiovascular Technology
- Bachelor in Anesthesia Technology
- Bachelor in Anesthesia and Critical Care
- Bachelor in Operation Theater Technology
- Bachelor in Naturopathy and Yogic Science (BNYS)
- Master in Physiotherapy (MPT)
- Master in Operation Theater Technology and Anesthesia

३. सम्वन्धित विद्यार्थीले देहायका कागजातहरूको सक्कल प्रमाणपत्रहरूको फोटो खिचेर वा स्क्यान गरी आयोगले उपलब्ध गराएको वेवसाईटमा अपलोड गर्ने साथै Eligibility Certificate लिन आयोगमा सबै सक्कल कागजातहरू साथमा ल्याउनु पर्ने छ।

अ) स्नातक तह (Undergraduate Level):

क. नागरिकताको प्रमाणपत्र

ख. एसएलसी वा सो सरहको लब्धाङ्क पत्र

ग. एसएलसी वा सो सरहको चारित्रिक प्रमाण पत्र

घ. १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट

ङ. १०+२ वा सो सरहको चारित्रिक प्रमाण पत्र

च. आयोगले सञ्चालन गरेको एकीकृत प्रवेश परीक्षाको स्कोर कार्ड

छ. अध्ययन गर्न चाहेको तह , विषय, **Speciality,**अध्ययन अवधिबर्ष र अध्ययन शुरू हुने मिति समेत उल्लिखित सम्वन्धित संस्थाले जारी गरेको पत्र (अफरलेटर आइ ट्वान्टी आदी)

४. स्नातकोत्तर तह (Postgraduate Level):

क. स्नातक तह (Undergraduate Level) का लागि तोकिएका सबै कागजातहरू

ख. स्नातक तह (Undergraduate Level) वा सो सरहको ट्रान्सक्रिप्ट

ग. स्नातक तह (Undergraduate Level) वा सो सरहको चारित्रिक प्रमाण पत्र

घ. सम्वन्धित काउन्सिल दर्ता प्रमाणपत्र

५. फेलोसिप (Fellowship) वा उच्चस्तरको तालिम (High Level Training):

क. स्नातकोत्तर तह (Postgraduate Level) का लागि तोकिएका सबै कागजातहरू

ख. स्नातकोत्तर तह (Postgraduate Level)वा सो सरहको ट्रान्सक्रिप्ट

ग. स्नातकोत्तर तह (Postgraduate Level) वा सो सरहको चारित्रिक प्रमाण पत्र

६. Eligibility Certificate लिन Undergraduate level का लागि रू ३००० र Postgraduate level का लागि रू ५००० लाग्ने दस्तुर हिमालयन बैङ्कमा Medical Education Commission का नाममा रहेको खाता नं ०४३०८९३१६७००१७ मा जम्मा गरी सो को भौचर अपलोड गर्नु पर्ने छ। दस्तुर बुझाइसके पछी रकम फिर्ता नहुने भएकोले आफ्ना कागज प्रमाण पुगे नपुगेको एकिन गरेर मात्र अनलाईन फाराम भर्नु होला

७. माथि उल्लिखित योग्यता र कागज प्रमाण पेस भए पछी मात्र बैठकबाट Eligibility Certificate जारी गर्ने नगर्ने सम्वन्धमा निर्णय हुने भएकोले आवश्यक कागज प्रमाण पुगे नपुगेको एकिन गरी अनलाईन फाराम भर्नु होला।

८. दिइएको लिङ्कमा अनलाईन फाराम भर्दा क्रमशः देहाय बमोजिम विवरण इन्ट्री गर्ने र कागजात अपलोड गर्नेः

क. Personal Information (profile)मा रहेका सबै विवरणहरू नछुटाई भर्ने र पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्र, राहदानी समेतका विवरण भरी फोटो वा स्क्यान कपि अपलोड गर्ने

ख. Academic Information मा SLC/SEE को विवरण त्यसपछी १० +२ वा रहेका विवरण भर्ने एवम् रितले आफूले अध्ययन गर्न जान चाहेको तह भन्दा तल्लो तहसम्मको विवरण भरी चारित्रिक प्रमाण पत्र समेतको फोटो वा स्क्यान कपि अपलोड गर्ने , विदेशी बोर्डबाट उत्तीर्ण भएको भए प्रमाणपत्रको समकक्षता पेस गर्ने

ग. Eligibility Information माआफू अध्ययन गर्न जान चाहेको तह विषय स्प्यासिलिटी SLC/SEE को विवरण त्यसपछी १० +२ वा रहेका विवरण भर्ने एवम् रितले आफूले अध्ययन गर्न जान चाहेको तह भन्दा तल्लो तहसम्मको विवरण भरी प्रमाणपत्रको फोटो वा स्क्यान कपि अपलोड गर्ने

घ. मा SLC/SEE को विवरण त्यसपछी १० +२ वा रहेका विवरण भर्ने एवम् रितले आफूले अध्ययन गर्न जान चाहेको तह भन्दा तल्लो तहसम्मको विवरण भरी प्रमाणपत्रको फोटो वा स्क्यान कपि अपलोड गर्ने

ङ. तोकिए बमोजिमको रकम बैक दाखिला गरेको भौचरको विवरण इन्ट्री गरी भौचरको फोटो खिचि अपलोड गर्ने

च. अनुसूचीमा रहेको कवुलियतनामाको फाराममा आफ्नो विवरण पछी सम्म फरक नपर्ने गरी भरी हस्ताक्षर र दुबै हातका बुढी औलाको छाप लगाएर अपलोड गर्ने।

छ. वैदेशिक अध्ययनका लागि अनुमति पत्र EligibilityCertificate लिन आउने इमेल प्राप्त भएको १ महिना भित्र प्रमाण पत्र लिने

९. आयोगले उपलब्ध गराएको वेवसाइटमा विद्यार्थीले पेस गरेका वा गर्ने विवरणहरू कानून बमोजिम अधिकार प्राप्त निकायले माग गरेमा वाहेक अन्य कसैलाई उपलब्ध गराइने छैन , गोप्य र सुरक्षित रहनेछन्।

१०. मिति २०७९ साल साउन १ गते पछी वैदेशिक अध्ययन अनुमति Eligibility Certificateलिएका व्यक्तिले अरू कुनै विषयमा अध्ययन गर्न जान चाहेमा यसै लिङ्कमा रहेको Eligibility मा AddNew गरी विवरण भर्ने ।